E-mail:tumbewa.gaunpalika@gmail.com

Website:http://tumwewamun.gov.np

# तुम्बेवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

तुम्बेवा-३, मौवा,पाँचथर
प्रदेश नं. १, नेपाल
स्था.२०७३

प.स.०७६/०७७
च.नं.

मिति: २०७६/१२/२३

## खाद्य बस्तुहरु खरिद गर्ने सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७६/१२/२३**

हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको कारणबाट उत्पन्न असामान्य परिस्थितिले गर्दा मिति २०७६/१२/१९ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव स्तरको निर्णय अनुसार तत्काल राहत वितरण गर्न गराउनुहुन भनि परिपत्र र यस गाउँपालिकाको मिति २०७६/१२/२१ गतेको गाउँकार्यपालिका बैठकको निर्णय अनुसार पहिचान भएका अति विपन्न, असहाय तथा दैनिक ज्यालादारीमा कार्यरत श्रमिक वर्गलाई राहत वितरण गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १४५ बमोजिम तपशिलमा उल्लेखित खाद्यवस्तुहरु तत्काल खरिद गर्नुपर्ने भएको हुँनाले इच्छुक फर्म/सप्लायर्स/सहकारी संस्थाले तपशिल बमोजिमको सर्तहरुको अधिनमा रहि मिति २०७६/१२/२५ सम्ममा कार्यालय समय भित्र दररेट पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.स. | आवश्यक खाद्य विवरण | प्रति इकाई | कैफियत |
|---|---|---|---|
| १. | चामल ( कान्छी मनसुली) | के.जी. | |
| २. | तेल (सेलो) | लिटर | |
| ३. | नुन (आयोडिन युक्त) | के.जी. | |
| ४. | दाल (मुसुरो) | के.जी. | |

**शर्तहरु**

१. फर्म/सप्लायर्स/सहकारी संस्था आधिकारिक रुपमा दर्ता भएको हुनुपर्ने छ ।
२. दररेट पेश गर्दा दर्ता भएको प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
३. दररेट पेश गर्दा फर्म/सप्लायर्स/सहकारी संस्थाले ढुवानी खर्च ब्यहोर्ने हो/होइन सो समेत खुलाउनु पर्नेछ ।

१२/२३

..............................
दिपेन्द्र दहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत